# रोङ गाउँपालिकाको आर्थिक ऐन २०८१

पारित मिति.२०८१/०३/१०
प्रमाणिकरण मिति. २०८१/०३/१०
प्रकाशन मितिः..........................

सम्बत् २०८१ सालको ऐन नं.

**रोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** रोङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम रोङ गाउँ सभा सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १ यस ऐनको नाम "आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि रोङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसुचि १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** यस रोङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि ५ बमोजिमको कर शलगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची १

### दफा २ सँग सम्बन्धित

क. आ.व २०८१/८२ का लागि सम्पति कर

| | कर, दस्तुरको क्षेत्र | शुल्क दस्तुर |
|---|---|---|
| १ | (घर र घरले चर्चेको स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) ले तोके बमोजिमको जगामा मात्र सम्पत्ति कर लाग्नेछ) | – पाँचलाख रुपैयासम्मको मूल्याङ्कनमा प्रतिलाख रुका दरले १०. .अधिकतम रु५० (पचास) मात्र |
| | | – पचास लाख रुपैयासम्म प्रतिलाख रु(दश) १०. |
| | | – एकाउन्न लाख देखि एक करोड रुपैयासम्म प्रतिलाख रु(बीस) २०. |
| | | – एक करोड एक लाख देखि दुई करोड रुपैयासम्म प्रतिलाख रु २५. (पच्चीस) |
| | | – दुई करोड एक लाख रुपैयादेखि तीन करोड रुपैयासम्म प्रतिलाख रु ३०. (तीस) |
| | | – तीन करोड एक लाख रुपैयादेखि पाँच करोड रुपैयासम्म प्रतिलाख रु ४५. (पैतालीस) |
| | | – पाँच करोड भन्दा माथि प्रति लाख रु५०. (पचास( |

## अनुसूची २

### दफा ३ सँग सम्बन्धित

क. आ.व २०८१/०८२ का लागि मालपोत कर

| क्र.स | कर, दस्तुरको क्षेत्र | करको दर .रु (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|
| १ | अब्बल | ३० | |
| २ | दोयम | २५ | |
| ३ | सीम | २० | |
| ४ | चाहार | १५ | |

ख. गत विगत वर्ष दखि मालपोत बुझाउन बाकी करदाताहरु बाट बक्यौता मालपोत रकममा देहायको दरमा जरिवाना थप गरि मालपोत असुल गरिने छ।

| क्र.स | आ.व | मालपोत असुलि |
|---|---|---|
| १ | आव २०७५/०७६ भन्दा अगाडी सबै आ.व. को | ३० प्रतिशत |
| २ | आव २०७६/०७७ | २५ प्रतिशत |
| ३ | आव २०७७/०७८ | २० प्रतिशत |
| ४ | आव २०७८/०७९ | १५ प्रतिशत |
| ५ | आव २०७९/०८० | १० प्रतिशत |

## अनुसूची ३

### दफा ४ सँग सम्बन्धित

### आ.व २०८१/०८२ को लागि घर बहाल करको दर

क. आवसिय र अन्य प्रयोजनका लागि घर बहाल लगाएकोमा बहाल रकमको १० प्रतिशतले हुन आउने रकम ।

## अनुसूची ४

### दफा ५ सँग सम्बन्धित

क. आ.व २०८१/०८२ को लागि व्यवसाय दर्ता र नविकरणको दर

| क्र.स | व्यवसायको किसिम | दर्ता शुल्क | बार्षिक करको दर | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | (क) | (ख) | (ग) | |
| १ | रक्सी रेष्टुरेन्ट बार/मदिरा पसल/ (राजमार्ग क्षेत्र) | १०० | ५५०० | ४५०० | २५०० | पानमा दर्ता भएको |
| १ | रक्सी रेष्टुरेन्ट बार/मदिरा पसल/ (राजमार्ग क्षेत्र) | १०० | ५५०० | ४५०० | ३५०० | भ्याटमा दर्ता भएको |
| २ | रक्सी रेष्टुरेन्ट बार/मदिरा पसल/ (ग्रामीण क्षेत्र) | १०० | २२०० | १६५० | ११०० | |
| ३ | खाना/भोजनालय/फास्टफुड/नास्ता | १०० | २२०० | १६५० | ११०० | |
| ४ | चिया, मिठाई पसल | १०० | १६५० | १३२० | ११०० | |
| ५ | होटल एण्ड लज | १०० | २२०० | १६५० | ११०० | |
| ६ | रिसोर्ट | १०० | ५५०० | ४४०० | ३३०० | |
| ७ | होमस्टे | १०० | १६५० | १३२० | ११०० | |
| ८ | बेकरी क्याफे | १०० | ११०० | ११०० | ११०० | |
| ९ | किराना पसल | १०० | २६५० | २२०० | ११०० | |
| १० | टेलरिङ्ग | १०० | ११०० | ११०० | ११०० | |
| ११ | फोटो स्टुडियो | १०० | ११०० | ११०० | ११०० | |
| १२ | मासु पसल | १०० | ११०० | ११०० | ११०० | |
| १३ | बुटिक | १०० | ११०० | ११०० | ११०० | |
| १४ | पेन्टिङ्ग | १०० | ११०० | ११०० | ११०० | |
| १५ | डान्स सेन्टर (सिकाउने) | १०० | ११०० | ११०० | ११०० | |
| १६ | फर्निचर उद्योग | १०० | २७५० | २२०० | १६५० | |
| १७ | स–मील | १०० | २२०० | १६५० | ११०० | |
| १८ | कृषि तथा वनजन्य उद्योग | १०० | ११०० | ११०० | ११०० | |
| १९ | सुनपसल (ज्वेलरी) | १०० | २२०० | १६५० | ११०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | कम्युनिकेशन सेन्टर | १०० | ११०० | ११०० | ११०० | |
| २१ | मोवाइल पसल | १०० | ११०० | ११०० | ११०० | |
| २२ | घडी बिक्री पसल | १०० | ११०० | ११०० | ११०० | |
| २३ | जुत्ता / चप्पल पसल | १०० | ११०० | ११०० | ११०० | |
| २४ | पुस्तकस्टेशनरी पसल/ | १०० | ११०० | ११०० | ११०० | |
| २५ | टेलिफोन टावर | १०० | २०००० | १५००० | १५००० | |
| २६ | पान पसल | १०० | ११०० | ११०० | ११०० | |
| २७ | तमाखु पसलहुक्का बार/ | १०० | १६५० | १३२० | ११०० | |
| २८ | कम्प्यूटर, फ्रिज, फोटोकपी, वासिङ्ग मेशिन जस्ता इलेक्ट्रोनिक पसल | १०० | २२०० | १६५० | ११०० | |
| २९ | रेडिमेडतयारी लुगा पसल/ | १०० | २२०० | १६५० | ११०० | |
| ३० | हार्डवयर पसल | १०० | २२०० | १६५० | ११०० | |
| ३१ | ऐनाशिशा पसल/प्लाई/ | १०० | ११०० | ११०० | ११०० | |
| ३२ | कस्मेटिक पसल | १०० | १६५० | १३२० | ११०० | |
| ३३ | तरकारी पसल | १०० | १५०० | १००० | ५०० | |
| ३४ | भाडाकुडा पसल | १०० | १६५० | १३२० | ११०० | |
| ३५ | गिफ्टखेलौना पसल/ | १०० | ११०० | ११०० | ११०० | |
| ३६ | बीमा एजेन्ट | १०० | २२०० | १६५० | ११०० | |
| ३७ | पशु चिकित्सक | १०० | ११०० | ११०० | ११०० | |
| ३८ | साइवर क्याफे | १०० | ११०० | ११०० | ११०० | |
| ३९ | विकास बैंक शाखा | १०० | १२००० | ९००० | ७००० | |
| ४० | वाणिज्य बैंक शाखा | १०० | १२००० | ९००० | ७००० | |
| ४१ | शाखारहित बैंक | १०० | ५५०० | ४५०० | ३५०० | |
| ४२ | सहकारी संस्था | ५०० | ५५०० | ३५०० | २५०० | |
| ४३ | शाखारहित वित्तिय संस्था | १०० | १०००० | १०००० | १०००० | गा.पा. बाट अनिवार्य स्वीकृत लिनुपर्ने। |
| ४४ | अन्य वित्तिय संस्था | १०० | ५५०० | ४५०० | ३५०० | |
| ४५ | भेटेरीनरी क्लिनिक | १०० | २२०० | १६५० | ११०० | |
| ४६ | उद्योगहरु | १०० | ११००० | ७७०० | ५५०० | |
| ४७ | प्राइभेट विद्यालय प्रा.वि. | १०० | ५००० | ५००० | ५००० | |
| ४८ | प्राइभेट विद्यालय मा.वि. | १०० | १०००० | १०००० | १०००० | |
| ४९ | प्राइभेट विद्यालय उ.मा.वि. | १०० | १०००० | १०००० | १०००० | |
| ५० | प्राइभेट मन्टेश्वरी विद्यालय | १०० | ५५०० | ५५०० | ५५०० | |
| ५१ | सैलुन / ब्युटिपार्लर | १०० | ११०० | ११०० | 1000 | |
| ५२ | निर्माण व्यवसायी | १०० | ३०००० | २५००० | २०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५३ | ढुवानी यातायात व्यवसायी | १०० | ५५० (ट्रक, बस) | २७५ पिकअप, सफारी, भ्यान | | |
| ५४ | कुटानी पिसानी मिल | १०० | ११०० | ११०० | ११०० | |
| ५५ | पशुपंक्षी पालन व्यवसाय | १०० | ११०० | ११०० | ११०० | |
| ५६ | कृषि व्यवसाय | १०० | ११०० | ११०० | ११०० | |
| ५७ | डुलुवा व्यवसायी प्रति पटक | | ५५० | ५५० | ५५० | |
| ५८ | तीनपाङ्ग्रे सवारी साधन | १०० | ११०० | ११०० | ११०० | |
| ५९ | घरेलु, आन्तरिक राजश्व र जिल्ला स्थित कार्यालयमा दर्ता भएका अन्य व्यवसायहरु | १०० | ११०० | ११०० | ११०० | |
| ६० | प्राइभेट स्वास्थ्य क्लिनिक | १०० | ११०० | ११०० | ११०० | |
| ६१ | पेल्ट्रीक सेट (प्रति सेट) | १०० | २२०० | २२०० | २२०० | उत्पादन शुरु भएपछि |
| ६२ | हाइड्रो पावर (प्रति मेगावाट) | १०० | ११०० | ११०० | ११०० | उत्पादन शुरु भएपछि |
| ६३ | चेन्सो (रुख काट्ने मेशिन) | १०० | २२०० | २२०० | २२०० | |
| ६४ | अटोपाट्स तथा मर्मत वर्कसप | | | | | |
| | ट्याक्टर / ट्रक / बस | १०० | ४८५० | | | |
| | लाइट भ्याकलस् | १०० | ३८५० | | | |
| | मोटरसाइकल | १०० | २२०० | | | |

ख. व्यवसाय कारको जरिवनाको दर आ.व २०८१/८१ का व्यवसाय करको जरिवानाको दर

| क्र.स | आ.व. | जरिवाना |
|---|---|---|
| १ | आ.व. २०७५/०७६ भन्दा अगाडी सबै आ.व को | ३० प्रतिशत |
| २ | आ.व. २०७६/०७७ | २५ प्रतिशत |
| ३ | आ.व. २०७७/०७८ | २० प्रतिशत |
| ४ | आ.व. २०७८/०७९ | १५ प्रतिशत |
| ५ | आ.व. २०७९/०८० | १० प्रतिशत |

## अनुसूची ५

### दफा ६ सँग सम्बन्धित

क. जडिबुटि र अन्य वस्तुको निकासी करको दरः

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | अलैची | १०० (प्रति क्विन्टल) | |
| २ | चिराइतो | १०० (प्रति क्विन्टल) | |
| ३ | चिया | ५० (प्रति क्विन्टल) | |
| ४ | कफि | ५० (प्रति क्विन्टल) | |
| ५ | अदुवा | ५० (प्रति क्विन्टल) | |
| ६ | अमिश्रो (कुच्चो) | ५० (प्रति क्विन्टल) | |

नोटः अन्य जडिबुटी, कवाडी र जिवजन्तु सम्बन्धि कर कोशी प्रदेशको आर्थिक ऐन २०८१ बमोजिम हुनेछ ।

## अनुसूची ६

### दफा ७ सँग सम्बन्धित

क. सवारी साधन सम्बन्धि कर कोशी प्रदेशको आर्थिक ऐन २०८१ बमोजिम हुनेछ।

## अनुसूची ७

### दफा ८ सँग सम्बन्धित

### आ.व २०८१/०८२ का लागि विज्ञापन कर

| | |
|---|---|
| १ | होडिङ्ग बोड हर्कटे कुटीडाँडा र जोरकलश क्षेत्रमा प्रति वर्ग फूट रु.८०/- र अन्य क्षेत्रका लागि प्रति वर्ग फूट रु ६५/- |
| २ | भित्ते लेखन हर्कटे कुटीडाँडा र जोरकलश क्षेत्रमा प्रति वर्ग फूट रु.४५/- र अन्य क्षेत्रका लागि प्रति वर्ग फूट रु 30/- |
| ३ | पोष्टर हर्कटे कुटीडाँडा र जोरकलश क्षेत्रमा प्रति वर्ग फूट रु २०/- र अन्य क्षेत्रका प्रति वर्ग फूट रु.२०। |

## अनुसूची ८

### दफा ९ सँग सम्बन्धित

क. मनोरञ्जन कर प्रदेश सरकारको आर्थिक ऐन २०८१ अनुसार हुने छ।

## अनुसूची ९

### दफा १० सँग सम्बन्धित

### आ.व २०८१/०८२ का लागि बहाल बिटौरी शुल्क

| | | |
|---|---|---|
| १ | जोरकलश क्षेत्रका व्यापारीक स्टलहरुबाट प्रति महिना प्रति स्टल | ३००० |
| २ | जोरकलश क्षेत्र बाहेक अन्य क्षेत्र वाहेक अन्य क्षत्रका लागि कार्यपालिकाबाट निर्णय गरि लिने। | |

| | | |
|---|---|---|
| ३ | सार्वजनिक स्थल, ऐलानी पर्ती जग्गा, बाटो छेउको अस्थायी छाप्रो, टहरा र आवासमा प्रति वर्ग फुट मासिक | रु१५।– |
| ४ | हाटबजार, मेला आदिमा अस्थायी पसल थाप्दा प्रति वर्ग फुट मासिक | रु१५।– |
| ५ | **बजारमा किनमेल हुने सामान तथा वस्तुहरुको बहाल विटौरी शुल्क** | |
| | भैसी, राँगा प्रति गोटा | १०० |
| | खसी, भेडा, बोका प्रति गोटा | ३० |
| | बाख्रा पाठा प्रति गोटा | २५ |
| | संगुर प्रति गोटा | २५ |
| | कुखुरा, हाँस प्रति गोटा | १० |
| | परेवा जोडी | १० |

## अनुसूची १०

### दफा ११ सँग सम्बन्धीत

क. आ.व २०८१/०८२ का लागि पार्किङ्ग शुल्क

| क्र.स | सवारी साधानको किसिम | पार्किङ्ग शुल्क |
|---|---|---|
| १ | हेभि इकियपमेक्ट (डोजर, लोडर, इस्काभेटर आदि) | १०० |
| २ | बस, ट्रक, ट्रयाक्टर आदि | ५० |
| ३ | जीप, पिकअप, भ्यान कार आदि | ४० |
| ४ | अटो | ३० |
| ५ | मोटरसाइकल, स्कूटर आदि | २० |

## अनुसूची ११

### दफा १२ सँग सम्बन्धित

क. आ.व २०८१/०८२ का लागि सिफारिस दस्तुर, समूह दर्ता नविकरण लगायत अन्य सेवा दस्तुरहरु

| नगरिकता सम्बन्धि सिफारिस | | |
|---|---|---|
| **क्र.स** | **सिफारिस को किमिस** | **सिफारिस दस्तुर** |
| १ | बंशज नागारिकता सिफारिस | १६० |
| २ | अंगीकृत नागरिकता सिफारिस | ५१० |
| ३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | ५१० |
| ४ | नागरिकता प्रतिलिपी सिफारिस | ३५० |

| सिफारिस(राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७८ बमोजिम) | | | |
|---|---|---|---|
| **क्र.स** | **सिफारिस को किमिस** | **सिफारिस दस्तुर** | **कैफियत** |
| १ | विवाह दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| २ | जन्म दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| ३ | मृत्यु दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| ४ | बसाईसराई दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |
| ५ | सम्बन्ध विच्छेद दर्ता | २०० | ३५ दिनसम्म निशुल्क |

| | | | |
|---|---|---|---|
| ६ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको प्रतिलिपी | ५०० | |
| ८ | व्यक्तिगत घटना सम्बन्धि अन्य दस्तुर तथा शूल्कहरु राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७८ को अनुसूची ३ बमोजिम हुनेछ। | | |

**नाता प्रमाणित सम्बन्धि सिफारिस**

| क्र.स | सिफारिस को किमिस | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित (वैदेशिक प्रयोजन) | १५०० | |
| २ | नाता प्रमाणित (अन्य प्रयोजन) | ५०० | |
| ३ | नाता प्रमाणित अंशवण्डा र नामसारी ) (प्रयोजन | ५०० | |
| | | | वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भई लास ल्याउनुपर्ने अवस्थामा गर्नुपर्ने नाता प्रमाणित निःशुल्क गर्ने। |

**व्यक्तिगत विवरण प्रमाणित सम्बन्धि सिफारिस**

| क्र.स | सिफारिस को किमिस | सिफारिस दस्तर |
|---|---|---|
| १ | जन्ममिति प्रमाणित (वैदेशिक प्रयोजन) | १००० |
| २ | जन्ममिति प्रमाणित | ५०० |
| ३ | २०३७ साल अगाडीको विवाह वा अविवाहित प्रमाणित दस्तुर | ३०० |
| ४ | २०३७ साल पछाडीको विवाह वा अविवाहित प्रमाणित दस्तुर | ३०० |
| ५ | विवाहित वा अविवाहिता प्रमाणित (वैदेशिक प्रयोजन) | १००० |

**घरजग्गा सम्बन्धि सिफारिस**

| क्र.स | सिफारिस को किमिस | सिफारिस दस्तुर |
|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | ३०० |
| २ | जग्गाधनी प्रमाणपूर्जा हराएको सिफारिस | ५०० |
| ३ | कित्ताकाट गर्ने सिफारिस | ३०० |
| ४ | चार किल्ला प्रमाणित | ५०० |
| ५ | नरबढी तथा छुट जग्गा दर्ता सिफारिस | १५०० |

**अन्य सिफारिस दस्तुर**

| क्र.स | सिफारिस को किमिस | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समितिको खाता खोल्दाको प्रमाणित सिफारिस दस्तुर | निःशुल्क | |
| २ | संघ संस्थाको खाताबन्द सिफारिस दस्तुर | ३०० | |
| ३ | उपभोक्ता समितिको खाताबन्द सिफारिस दस्तुर | निःशुल्क | |

| | | | | |
|---|---|---|---|---|
| ३ | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | ३०० | | |
| ४ | समूह दर्ता इजाजत दस्तुर | ५०० | | |
| ५ | नविकरण दस्तुर | ५०० | | आ.व. समाप्त भएपछि दुई बर्षसम्म प्रत्येक थप आ.व. को १०० % जरिवाना |
| ७ | अग्रेजी सिफारिस दस्तुर | १००० | | |
| ८ | घरबाटो प्रमाणित | ५०० | | |
| ९ | रुख कटानको सिफारिस | २०० | | |
| १० | विद्युत मिटरको सिफारिस | ५०० (संस्थागत र व्यवसायिक प्रयोजन | २५० (व्यक्तिगत प्रयोजन( | |
| ११ | मिटर परिवर्तन गर्दा | १50 | | |
| १२ | भु.पु. लाहुरेको सिफारिस | १००० | | |
| १३ | न्यायिक समिति निवेदन दर्ता दस्तुर | १०० | | |
| १४ | स्थलगत सर्जमिन मुचुल्का | १५०० | | राजश्वमा ५०० दाखिला गरी रु. १०००/- फिल्डमा काम गर्ने सम्बन्धित कर्मचारीलाई भुक्तनि हुने गरी |
| | मञ्जुरीनामा, सहमतिकागज, लिखति गरिदिए वापतको दस्तुर | ५०० | | |
| १५ | अन्य सिफारिस दस्तुर | ३०० | | |

**नोटः**

हिंसा पिडित महिला, अति विपन्न, विपद पिडित व्यक्ति, अपाङ्गता भएका व्यक्तिहरुलाई सबै प्रकारको सिफारिस दस्तुर निःशुल्क।

**सम्पति आय सिफारिस**

| क्र.स | सम्पत्ति मूल्याङ्कन | वैदेशिक प्रयोजन | धितोअन्य/ प्रयोजन |
|---|---|---|---|
| १ | ५ लाखसम्म | ५०० | २५० |
| २ | ५ देखि १० लाखसम्म | १००० | ५०० |
| ३ | १० देखि १५ लाखसम्म | १५०० | ७५० |
| ४ | १५ देखि २० लाखसम्म | २००० | १००० |
| ५ | २० देखि १ करोडसम्म | ३००० | १२५० |
| ६ | १ करोडभन्दा माथि | ५००० | १५०० |

| "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको दर्ता,नविकरण तथा अन्य | | |
|---|---|---|
| क्र.स | शिर्षक | दस्तुर |
| १ | निवेदन दस्तुर | १०० |
| २ | इजाजत पत्र दस्तुर | ५००० |
| ३ | इजाजत पत्र चालु आको असोज मसान्तसम्म.व. | ५००० |
| ४ | चैत्र मसान्तसम्म नविकरण वापत थप दस्तुर | २००० |
| ५ | नामसारी दस्तुर | २५०० |
| ६ | इजाजत पत्रको नाम परिवर्तन दस्तुर | १५०० |
| ७ | ठाउँसारी सिफारिस दस्तुर | २५०० |

| अन्य संस्था तथा समूह | | |
|---|---|---|
| क्र.स | शिर्षक | दस्तुर |
| १ | खानेपानी संस्था दर्ता निवेदन दस्तुर | १०० |
| २ | खानेपानी संस्था दर्ता प्रमाण पत्र दस्तुर | १००० |
| ३ | खानेपानी संस्था दर्ता नविकरण दस्तुर | ५०० |
| ४ | साना सिंचाई उपभोक्ता संस्था दर्ता निवेदन दस्तुर | १०० |
| ५ | साना सिंचाई उपभोक्ता संस्था दर्ता प्रमाण प्रत्र दस्तुर | २००० |
| ६ | साना सिंचाई उपभोक्ता संस्था दर्ता नविकरण दस्तुर | ५०० |
| ७ | कृषि/ पशु समूह दर्ता | १०० |
| ८ | कृषि समूह नविकरण | ५० |
| ९ | पशु समूह नविकरण दस्तुर | १०० |

| सूचीकृत दस्तुर | | |
|---|---|---|
| क्र.स | किसिम | दस्तुर |
| १ | लेखापरीक्षण फर्म र संघ संस्था आदि | २००० |
| २ | कृषि तथा पशुपन्छी फर्म | १०० |
| ३ | परामर्श सेवा फर्म | १५०० |
| ४ | निर्माण व्यवसायी फर्म | २००० |
| ५ | हेवी इक्विपमेन्ट | २००० |
| ६ | फर्निचर उद्योग | १००० |
| ७ | एडभटटाइजिङ्ग, पत्रकारिता, एफसम्बन्धी .एम. प्रा.लि. | १००० |
| ८ | अफसेट प्रेस | १००० |
| ९ | विद्युत सामाग्री खरिद बिक्री सम्बन्धी सबै | १००० |
| १० | कम्प्यूटर मर्मत सप्लायर्स फर्म | १००० |
| ११ | औषधी तथा सर्जिकल सामाग्री सम्बन्धी | १००० |
| १२ | विविध आयात निर्यात व्यापार गर्ने फर्म | १००० |

| | | |
|---|---|---|
| 13 | सूचना केन्द्र मार्फत पर्यटकीय स्थल तथा होटल लजको प्रचार प्रसार गरे वापतको सेवा शुल्क (मासिक) | १००० |
| 14 | स्टेशनरी/ किराना रोड गाउँपालिका भित्र सञ्चालित रहेको | ५०० |
| १५ | स्टेशनरी/ किराना रोङ गाउँपालिका बाहिर सञ्चालित रहेको | १०० |

| अन्य सेवा शुल्क | | |
|---|---|---|
| क्र.स | किसिम | दस्तुर |
| १ | गाउँपालिकाले निर्माण गरेको सार्वजनिक शौचालयमा पिसाब गरेको | १० |
| २ | गाउँपालिकाले निर्माण गरेको सार्वजनिक शौचालयमा दिसा गरेको | १० |

| नक्शा पास दस्तुर | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | प्रकार | प्रति वर्गफूट (पक्की घरको मात्र) | | | |
| | | दर्ता शुल्क | कालोपत्रे सडक | कच्ची मूल सडक | कच्ची शाखा सडक |
| १ | निजी प्रयोजन | | ७ | ६ | ५ |
| २ | व्यवसायीक प्रयोजन | | १५ | १० | ७ |

## अनुसूची १२

### दफा १३ सँग सम्बन्धित

क. पर्यटन सम्बन्धि शुल्क प्रदेश आर्थिक ऐन २०८१ बमोजिम हुने छ।